# नेपालका अल्पसंख्यक र लोप हुन लागेको जाति : हायू

—भूपहरि पौडेल

## परिचय

संसारमा जातिप्रथाको कार्य विभाजन स्थानीय परिवेश र वातावरणका आधारमा भएको मान्न सकिन्छ। संसारको कुना कुनामा असंख्य जनजातिहरूको बसोबास पाइन्छ तर तीमध्ये कैयौं अनन्तको गर्भमा विलीन भैसके, कैयौं धुकचुक धुकचुक भएर बाँचिरहेका छन् त कैयौं आफ्नो जातीय स्वरूपलाई उजिल्याउँदै लगेर गौरवमय पराक्रमको परिचय दिइरहेका छन् । यस्तै जनजातिहरूले राष्ट्र र राष्ट्रियताको उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । अब यी जातिहरू के कसरी उत्पत्ति भए होलान् ? यस सम्बन्धमा प्रत्येक सम्प्रदायको आ-आफ्नै धारणा र मान्यताहरू छन् । जस्तो हाम्रो पूर्वीय मानव विकासको परम्परामा मनु र शतरूपाबाट मानिसहरू फैलिंदै गए भन्ने छ भने पाश्चात्य विचारधारासंग सहमत हुने मानिसहरू आइडम र इभबाट मानव विकास भएको कुरामा सहमत छन् । जाति उत्पत्तिका बारेमा वेदको पुरुषसूक्तमा यस्तो लेखिएको पाइन्छ—

"ब्राह्मणोऽस्य मुखमा सीद बाहराजन्य: कृत: ऊरूत-दस्य यद्वैश्य : पद्भ्या ॐ शूद्रौऽअजार्यत ।[1]

यस मन्त्र (कण्डिका) मा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रको बारेमा चर्चा गरिएको छ । यसभन्दा अन्य जातिहरू यी चार वर्णकै भेद उपभेद हुनु धेरै सम्भव छ । आध्यात्मिक दृष्टिकोणबाट विश्लेषण गर्दा जातिप्रथा स्पृश्य र अस्पृश्यका रूपमा विकसित भएको पाईन्छ भने भौतिकवादी विचारधारासंग सहमत भएका मानिसहरूलाई बुझाउनु पर्दा यो एक किसिमको सामाजिक कार्य विभाजनका रूपमा लिन सकिन्छ। जस्तो कि 'क' भन्ने मानिसका लागि जीवनयापन गर्न जे जति सामानहरूको आवश्यकता पर्छ, ती सबै एउटै व्यक्तिको प्रयासबाट मात्र निर्माण गर्नु सम्भव हुँदैन । दैनिक जीवनमा आइपर्ने यावत् कुराहरूको सङ्कलनमा हरेक वर्गको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग पुगिरहेको हुन्छ । वास्तवमा तिनै सामान तयार गर्ने वर्गलाई जातिको रूपमा लिइन्छ । भाँडा बनाउने मानिसलाई कामी, जुत्ता सिउनेलाई सार्की, लुगा सिउने दमाइँ, व्यापार गर्ने (वैश्य) नेवार आदिका रूपमा लिइन्छ । केही हदसम्म यसमा पनि सत्यता हुन सक्ला तर वैदिक रूपको जाति विभाजन प्रक्रिया नै बलियो प्रमाण हुन सक्छ । यसैमा वास्तविक वैज्ञानिकता छिपेको पाइन्छ। प्रस्तुत सन्दर्भलाई कोट्याउँ । हायू नेपालकै मध्यमाञ्चल विकास क्षेत्रको वागमती र जनकपुर अञ्चलका केही भू-भागमा पाइने अल्पसंख्यक जाति हो । यसको पुर्खौली परम्पराको अनुसन्धान गर्दा यसलाई पानीचल अर्थात् वैश्य वर्गमा राख्न

---

१. षडङ्गरुद्राचंतरुद्रपाठ : नेपाली साहित्य भण्डार, पृष्ठ ४३

सकिन्छ ।[२] वस्तुत: जातीय कट्टरता विकसित मुलुकहरूमा समेत प्रचूर मात्रामा पाइन्छ । यसमा अझै गहिरिएर अध्ययन, अनुसन्धान गर्दा धर्मप्रति अनास्था प्रकट गर्नु र विभिन्न जनजातिहरूको पुख्यौंली अस्तित्वमा प्रश्न चिह्न खडा गर्न एउटै कुरा हो कि भन्ने अनुभव हुन्छ । तर जे होस्, यस कुराको टुङ्गो लगाउन समेत जातीय परम्पराको अध्यनन अनुसन्धान आवश्यक मानिन्छ । हायू जातिको अनुसन्धानबाट पहिलो कुरो त नेपालका विभिन्न जनजातिहरूको अध्ययनमा सहयोग पुऱ्याउँछ भने दोस्रो जातीय मानचित्रबाट लोप हुन लागेको हायूका सम्बन्धमा यथातथ्य जानकारी उपलब्ध गराउन समेत सहयोग पुऱ्याउने देखिन्छ ।

## स्थिति

महाभारत श्रृङ्खलाका मूल निवासी हायू, किरात, मगर, गुरुङ, सुनुवार र नेवारहरू हुन् ।[3]

नेपाल अधिराज्यका पाँच विकास क्षेत्र (पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल) मध्ये मध्यमाञ्चल विकास क्षेत्रको सिन्धुली जिल्ला ऐतिहासिक रूपमा अध्ययन गर्दा निकै महत्वपूर्ण देखिन आउँछ । यसको साथमा जोडिएको रामेछाप जिल्ला पनि ऐतिहासिक दृष्टिकोणले कम महत्वको मान्न सकिंदैन । यस वस्तुतथ्यलाई इतिहास शिरोमणि बाबुराम आचार्यको भनाइ उद्धृत गरी पुष्टि गर्न सकिन्छ ।

कुषाणहरू धर्म प्रचारका लागि आए । धर्म प्रचारको जोश जस्तो ठूलो हुन्छ त्यस्तो अरू जोश हुँदैन । त्योभन्दा पहिले यहाँ कुनै धर्म थिएन । योभन्दा पहिले तिनीहरू बिलकूल असभ्य थिए । मैले कतिमम्म अनुभव गरें भने तिनीहरूले आफ्ना व्यवहार आफ्नै आविष्कारबाट चलाए । उनीहरूका बसोबासबारे भन्छु कि उनीहरू पहिले त सिन्धुलीबाट आए, अरू बाटोबाट आएनन् । सोझो जान सकेनन् । कोही त्यहींबाट अगाडि आए, कोही त्यहींबाट फर्के । सिन्धुलीबाट आउँदा पनि यो बाटो छल्छ । जब सुनकोशी सीधा पूर्व लाग्छ, सीधा पूर्व लाग्दा दायाँपट्टि रामेछाप भन्ने जिल्ला छ, त्यहाँ एउटा ठोंसे खानी छ । यो खानी कति अजङ्ग छ भने कयौं लाख मन फलाम त्यहाँ त्यसै छ, अहिले दाउराको अभावले मात्र बन्द छ । त्यो ठोंसे खानीको फलाम ल्याएर तिनीहरू व्यवहार गर्दथे । त्यहाँबाट फलाम ल्याएर कुटो, कोदालो बनाउँदथे । बस्, बँदेललाई समाएर सुँगुर बनाए, लुइँचेलाई समाएर कुखुरा बनाए । कुकुर भनेको एउटा जनावर क्या हो, क्या हो, संसारमा जहाँसुकै पनि पुग्दछ । त्यो आफ्नो जातसंग परस्पर विरोधी छ, दुइटा कुकुर त मिल्दै मिल्दैनन् । तर मनुष्यको सेवा गर्नमा कुकुर जस्तो सिपालु कोही छैन, त्यो कहाँ कहाँबाट आएको छ । यी तीन पशु सिवाय थिएनन् । यिनीहरू जङ्गली फलफूलबाट र खेतीसेती गरेर निर्वाह गर्थे ।

उस बेला के थियो: दलदल थियो । वागमती मनोहरा यिनीहरूमा हात्ती डुबाउने पानी थियो । नाऊ नभइकन काम चल्दैनथ्यो । तिनीहरू नाऊ पनि बनाउँथे । नाऊ बनाउन उनीहरू नै जान्दथे । बसिला-ससिला छँदै थियो, काठ छँदै थियो ।"[4] यसरी सभ्यताको प्रारम्भिक अवस्थादेखि नै प्रसिद्ध हुँदै आएको सिन्धुली जिल्लाले नेपाल र अंग्रेजका बीच भएको युद्धले आफ्नो छातीलाई अझै उजिल्याउँदै लगेको पाइन्छ । गढी भेगका अजङ्ग रूखहरूका हाँगा हाँगामा गुँड बनाएर बसेका अरिङ्गालले टोकेर अंग्रेज फौज "नेपालमा त मानिस मात्र नभएर यहाँका झार (भाग्दा सिस्नाले पोलेको थियो

---

२. ब्राह्मण, क्षेत्री र वैश्य पानी चल्ने जात र शूद्र पानी नचल्ने जातका रूपमा हिन्दू परम्पराले मानिआएको पाइन्छ । २०२० सालमा मुलुकी ऐन लागू भएपछि नेपालमा जातिपातिको परम्परा त्यति सक्रिय रूपमा चल्न नसकेको भए तापनि यो परम्पराको विकास र अन्त्यको स्थिति सामान्य रूपमा गुज्रिरहेको अनुभव हुन्छ ।

३. बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा**, कृष्णकुमारी देवी (प्रकाशिका) संस्करण षष्ठ, पृष्ठ ३१

४. डा. प्रयागराज शर्मा (संयोजक), **बाबुराम आचार्य र उहाँका कृति**, नेपाल र एशियाली अध्ययन संस्थान २०२९, पृष्ठ ५

र यसैलाई संकेत गरेको हो) रूख, कीरा (अरिङ्गाल) सबै शत्रु रहेछन् यिनीहरूसंग हाम्रो केही जोड चल्दैन" भनी आफ्नो हार स्वीकार गरी हातहतियार सुम्पिएर फर्किएका थिए। त्यसैले नेपालको इतिहासमा सिन्धुली गढीको ऐतिहासिक महत्व छ। यही गढीबाट खुर्कोट, खाल्टे चैनपुर घुमाउने चैनपुर हुँदै दुम्जा पुग्न सकिन्छ।[5] यहाँबाट रोसी खोलो तरेर शुरू हुने तिमाल डाँडो पनि ऐतिहासिक कोणबाट महत्वपूर्ण तामाङ्ग वस्ती देखा पर्छ भने रोसी खोलै खोला हिंडेको पक्षमा फेदी हुँदै दाप्चा पुगिन्छ। सिन्धुलीगढीबाट काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न ठाउँमा पाइताला राखी राजधानी काठमाडौं आउन सकिन्छ। यो त भयो ऐतिहासिक सन्दर्भ। मानव शास्त्रीय दृष्टिले पनि रामेछाप, सिन्धुली र काभ्रेपलाञ्चोकको विशिष्ट भूमिका देखिन्छ। किनभने यहाँ विभिन्न जनजातिहरूको बसोबास पाइन्छ। जस्तै ब्राह्मण, क्षेत्री, घर्ती, कामी, दमाइँ, सार्की भन्दा अतिरिक्त सुनुवार, हायू, तामाङ्ग, भोटे, दनुवार, माझी, वादी आदि समाजमा कम प्रयोग र चर्चामा आएका जातिहरू पनि पाइन्छन्। यिनीहरूको जातीय इतिहास, संस्कृति, रहन-सहन आदिले नेपाली राष्ट्रियता र संस्कृतिको विकासमा समेत ठूलो भूमिका खेलेको पाइन्छ। एक एक थोपा पानीले घैंटा भरिए जस्तै विभिन्न जातिहरूको संस्कृतिले नेपाली राष्ट्रियताको संरक्षणमा ठूलो सहयोग प्राप्त हुन सक्छ।

## भौगोलिक दूरी

अहिलेसम्मको अनुसन्धान अनुसार हायूहरू मध्यमाञ्चल विकास क्षेत्रमा मात्र पाइएका छन्। अन्यत्र भएको सुराक लागेको छैन। मध्यमाञ्चल विकास क्षेत्रका रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र सर्लाही नै हायूहरूको मुख्य बस्ती भएको प्रमाणित भएको छ। जनजातीय अध्ययनका सन्दर्भमा भौगोलिक दूरी पत्ता लगाईनु पनि एक प्रमुख अनुसन्धान मध्येको विषय पर्दछ। हायू जातिको अनुसन्धान गर्दा प्राप्त प्रमाणित कोषलाई प्रस्तुत सन्दर्भमा समावेश गर्नु मनासिव देखिन्छ। यसबाट प्रस्तुत जातिको अनुसन्धानमा जान्न चाहनेलाई समेत सहयोग पुग्न सक्छ।

जिल्ला पञ्चायत सचिवालय
रामेछाप

प. सं.
च. नं.

रामेछाप
मिति ०४०।१०।२

विषयः- कोष प्रमाणित बारे

जो जससंग सम्बन्ध छ

रामेछाप सदरमुकामदेखि निम्न स्थानसम्म निम्न बमोजिमको कोष भएकोले प्रमाणित गरिएको छ।

१. रामेछापबाट सुकाजोर गा. पं. सम्म कोष- १(एक)
२. सुकाजोर गा. पं. बाट मन्थली गा. पं. सम्म कोष- ४ (चार)
३. मन्थलीबाट पकरवास गा. पं. सम्म कोष ४ (चार)
४. पकरवासबाट भटौली गा. पं.सम्म कोष- २ (दुई)
५. भटौलीबाट पकरवास गा. पं. पुछिघाटसम्म-२ (दुई)

ऋषिराज उपाध्याय
नि. स्थानीय विकास अधिकारी

श्री शीतलपाटी गाउँ पञ्चायत कार्यालय
खाल्टे – सिन्धुली

प. सं. ०४०।४५
च. नं. -७९

मिति २०४०।९।१६

विषय.- कोष प्रमाणित गरिएको सम्बन्धमा
श्री-एसमा जो जसको सम्बन्ध छ।

उपर्युक्त सम्बन्धमा एस गा. प. का. को सदरमुकामदेखी जि. पं. सचिवालयको सदरमुकाम सिंधुली माडीसम्मको जम्मा कोष ८ (आठ) भएको हुँदा प्रमाणीत गर्दछु।

द.
२०४०।४।१७।१
(धनञ्जय प्रसाई)
प्रधानपञ्च

५ भूपहरि पौडेल- दुम्जा प्रदेश, प्रज्ञा; पूर्णाङ्क ४३

१. जलेश्वरदेखि वर्दीवास– ३२ माइल
२. ” सिंधुली– ५० ”
३. दोलालघाट–बेथान– ९ कोश
४. बँथान–पकरवास – ५ ”
५. पकरवास–रामेछाप– ७ ”
६. सिन्धुली जिल्ला सदरमुकामबाट धनुषाको र सिन्धुली जिल्लाको सीमाना चुरेसम्म– ७ ”
७. ढल्केबारबाट लालगढ– ३।। ”
८. लालगढबाट तुलसी (पाटु)– २ ”
९. बस चल्ने लालगढदेखि रामेछाप जिल्ला पञ्चायत सचिवालय– ४० माइल
१०. ” ” सिन्धुली जि. पं. स.– २२ ”६

यातायातको सुविधा नहोउन्जेल बनेपा, धुलिखेल दाप्चा, रोसी खोला हुँदै सिन्धुली रामेछाप निस्किन्थ्यो। अचेल प्रायः सबैतिर यातायातको सुविधा उपलब्ध भए पछि केही मानिसहरू काठमाडौंदेखि लालगढसम्म मोटरमा गएर त्यसपछि अर्को बस बदली सिन्धुली पुग्छन् र यहाँबाट भने रामेछापसम्म यातायातको सुविधा नभएको हुनाले पैदलै पुग्नु पर्छ। अर्को थरी मानिस काठमाडौंबाट बस्तीसम्म मोटरमा गई त्यहाँबाट हिंडेर जफे खिम्ती हुँदै रामेछाप सदरमुकाम जहाँ नजीकै हायू गाउँ छ पुग्छन्। केही मानिसहरू दोलालघाटमा मोटरबाट ओर्ली सुनकोशीको किनारै किनार तिमालबेंसी, पचुवारघाट दोभानटारमा पुगेर बेथानको उकालो लाग्छन् र केही चाहिं यहाँबाट च्याडीको अक्कड हुँदै दुम्जा पुग्छन्।

## दुम्जा गाउँ पञ्चायतका हायूहरूको पारिवारिक लगत

| क्र. सं. | घरको मूली मान्छे | आमा बा | लोग्ने स्वास्नी | छोरा | छोरी | बुहारी | नातिनातिनी |
|---|---|---|---|---|---|---|---|
| १ | भक्तबहादुर हायू | आमा १ | २ | १ | ६ मध्ये (२विवाहित) | — | — |
| २ | असलबहादुर हायू | — | १ | — | २ | — | — |
| ३ | शङ्करबहादुर हायू | आमा १ | १ | २ | ४ (१ मात्र अविवाहित) | — | — |
| ४ | लालबहादुर हायू | आमा १ | — | — | – | — | — |
| ५ | असलबहादुर हायू 'सानु' | — | १ | १ | १ | — | — |
| ६ | भक्तबहादुर काम्ले | — | १ | १ | १ | — | — |
| ७ | बमबहादुर हायू | — | १ | ७ | — | ६ | ५ |
| ८ | कृष्णबहादुर हायू | — | १ | २ | १ | — | — |
| ९ | रत्नबहादुर हायू | — | १ | १ | ६ (१ विवाहित) | — | — |
| १० | एउटी स्वास्नी मान्छे मात्र (नाम थाहा नभएको) | — | — | — | — | — | — |
| ११ | भक्तबहादुर काम्लेको माइ खुर्कोटमाथि बाराबाट आएको र त्यहाँ छुट्टिएको | — | १ | — | २ | — | — |
| १२ | कान्छो हायू (यो भर्खरै वाल्टीङबाट आएको) | १ | १ | — | — | — | — |

६: स्रोतः– पञ्चायत तथा स्थानीय विकास मन्त्रालय

१. दुम्जाका हायूहरूको जम्मा जनसंख्या:–
२. ,, ,, पुरुष संख्या– ३२
३. ,, ,, महिला संख्या– ३९
४. अतः घरसंख्या १२, जनसंख्या ३२+३९ = ७१ [7]

## सुकाजोर गाउँ पञ्चायतका हायूहरूको पारिवारिक लगत

| क्र. सं. | घरको मूली मान्छे | लोग्ने स्वास्नी | छोरा | अविवाहित छोरी | बुहारी | नाति | नातिनी | विवाहित छोरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | पर्भासिं हायू | १ | ६ | ४ | — | — | — | १ |
| २ | रत्ने हायू | १ | २ | — | — | — | — | २ |
| ३ | कृष्णमान हायू | २ | ९ | — | १ | — | — | २ |
| ४ | गर्मे हायू | १ | — | — | — | १ | — | १ |
| ५ | डमरबहादुर हायू | १ | ५ | — | १ | — | २ | १ |
| ६ | नरमान हायू | १ | २ | — | १ | — | — | २ |
| ७ | सार्कीमान हायू | — | — | — | — | — | — | — |
| ८ | ग्वाचे हायू | १ | २ | — | — | — | — | १ |
| ९ | धनवीरे हायू | — | — | — | — | — | — | — |
| १० | चन्द्रे हायू | १ | २ | ३ | — | — | — | — |
| ११ | सम्मबहादुर हायू | १ | २ | २ | — | — | — | — |
| १२ | थाके हायू | १ | ३ | २ | — | — | — | ३ |
| १३ | जवरे हायू | १ | १ | — | — | — | — | — |
| १४ | हीरे हायू | — | — | — | — | — | — | — |
| १५ | कुलुङ्गे | १ | १ | — | — | — | — | — |
| १६ | माने हायू | १ | १ | २ | — | — | — | १ |
| १७ | रामकुमार हायू | १ | — | — | — | — | — | — |
| १८ | टुल्लके हायू | १ | ३ | — | ३ | २ | ४ | ४ |
| १९ | खड्गबहादुर हायू | १ | २ | — | २ | ३ | २ | ३ |

१: रामेछाप सुकाजोर गाउँ पञ्चायतका हायूहरूको जनसंख्या:–
२. ,, ,, पुरुष संख्या— ७१
३. ,, ,, महिला संख्या— ५२
४. अतः घर संख्या १९, जनसंख्या ७१+५२= १२३ [8]

७. आफ्नो स्थलगत अध्ययन र विष्णुप्रसाद कोइरालाको जानकारीका आधारमा तयार पारिएको लगत

८. सहयोगी - गोविन्दप्रसाद घिमिरे, पद्मनाथ भुर्तेल र कोमलबहादुर बस्नेत

## शीतलपाटी गाउँ पञ्चायतको हायूहरूको पारिवारिक लगत

| क्र.सं. | घरको मूली मान्छे | लोग्ने स्वास्नी | अविवाहित छोरी | छोरा | विवाहित छोरी | नाति नातिनी |
|---|---|---|---|---|---|---|
| १ | कृष्णबहादुर हायू (कृष्णकुमारी हायू) | १ | ३ | — | २ | — |
| २ | पद्मबहादुर हायू (पद्मकुमारी हायू) | १ | २ | ३ | — | — |
| ३ | हर्कबहादुर हायू (हर्ककुमारी हायू) | १ | २ | १ | — | १ |
| ४ | बुद्धिबहादुर हायू (बुद्धिकुमारी हायू) | १ | — | १ | — | — |

नोट:- स्वास्नीको नाम थाहा पाएसम्म ब्राकेटभित्र राखिएको छ ।

१ शीतल पाटी गाउँ पञ्चायतका हायूहरूको जनसंख्या:-
२. ” ” पुरुष संख्या— ९
३. ” ” महिला संख्या— ११
४: अत: घरसंख्या ४, जनसंख्या- ९ + ११ = २०

१. तीन पञ्चायतका हायूहरूका विवरण
२. पुरुष संख्या— ११२
३. महिला संख्या— १०२
४. जम्मा संख्या— २१४[९]

प्रस्तुत तीन पञ्चायतभन्दा अन्यत्र पनि फाट्टफुट्ट हायूहरूको बसोबास भएको जानकारी पाइन्छ । जस्तै बिर्तटार, बालिङ्ग, हिदिङ्ग, चपौली, रतनचूरा, विजय छाप, हैवार खुर्कोट, गैरी गाउँ, कुँडुले, डाँडा गाउँ, छाप गाउँ, मानेडिही आधमारा र नांगे डाँडामा हायूहरूको बसोबास पाइन्छ । काभ्रेपलाञ्चोक जिल्लाको बाल्टी भन्ने ठाउँमा हायूहरूको वस्ती छ । त्यसै गरी सर्लाही जिल्लाको हरिऔन नारायण स्थानमा ५, ७ घर हायू भएको जानकारी यक्षप्रसाद भट्टराईबाट प्राप्त भएको छ । यहाँका हायूहरू यहींका आदिवासी नभएर कुनै पहाडी ठाउँबाट बसाइँ सरी आएका हुन् भन्ने भनाइ छ । महाभारत पर्वतको आसपास हायूहरूको वस्ती हो । यसभन्दा अन्यत्र अनुसन्धानको सिलसिलामा हायूहरू भएको जानकानी प्राप्त भएको छैन । पूरै हायूहरूको पारिवारिक लगत प्रस्तुत गर्न तत्तत् क्षेत्रमा गई अनुसन्धान गर्ने समयको अभाव भएको हुँदा सकिएन । माथि नमूनाको लागि तीन पञ्चायतका हायूहरूको जनसंख्या विवरण प्रस्तुत गरियो । यसबाट के कुरा थाहा हुन्छ भने हायूहरूको जम्मा संख्या नेपालमा अब एक हजारभन्दा बढी छैन । यही स्थिति कायम भएमा आगामी केही दशक भित्रै हायूको जातीय अस्तित्व समाप्त हुने सम्भावना देखिएको छ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको रामेछाप, सिन्धुली र सर्लाही जिल्ला तथा वागमती अञ्चलको काभ्रेपलाञ्चोक जिल्ला हायूहरूको बसोबासित क्षेत्र हो । समुद्री सतहबाट करीब ११ हजार फीटमा हायूहरू बसेका छन् । हायूहरूको हालसम्मको बसोबासित क्षेत्र अध्ययन गर्दा उनीहरू उच्चा ठाउँमै बस्न मन पराएको अनुभव हुन्छ । राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक आदि विभिन्न कारणको प्रभावले हायू जातीय मानचित्रबाट हराउँदै जान लागेको छ । उसले आफ्नो भाषा बिर्सिंदै गएको छ । साँस्कृतिक चालचलनहरू छोड्दै गएको छ र अहिले आएर उसको स्थिति

९. सहयोगी:- प्रधानपञ्च धनन्जय प्रसाई, खाल्टे चैनपुर, सिन्धुली

यसरी नाजुक हुँदै गएको छ कि आफूलाई हायूको रूपमा चिनाउन पनि सङ्कोच मान्छ ।

## वायूकै विकृत रूप हायू हो र ?

हालसम्म हायू जातिका सम्बन्धमा ज्यादै कम मात्रामा अनुसन्धान भएको पाइन्छ । नेपालका जनजाति-हरूको अध्ययन गर्ने विद्वानहरूले हायूलाई वायुकै विकृत अर्थमा लिएको पाइन्छ । तर हायू जातिको सर्वांश अध्ययन अनुसन्धान गर्दा यो तर्क वा निर्णय त्यति मनासिब देखिन आउँदैन । यस प्रसङ्गमा सबैभन्दा पहिले जनकलाल शर्माको अध्ययनबाट निस्किएको विचार उद्धृत गरौं ।

"नेपाल अधिराज्यको मध्यपहाडी भागको पूर्वी भागमा वायु नामको एउटा समूह छ र त्यो त्यसै नामको बोली बोल्दछ । वायुलाई विकृत अर्थमा हायु पनि भनिन्छ । यिनीहरू कोशी नदी दक्षिणको मैदानी भागतिर लाग्न मोडिएको ठाउँमा नदीको दुवै भागमा बसेका पाइन्छन् । वायुको संख्या ज्यादै कम देखिन्छ । हडसन महोदयका अनुसार यिनीहरूको स्थिति ज्यादै दयनीय देखिन्छ र ह्रासोन्मुख पनि छन् । यिनीहरूको एउटा गाउँको अर्को गाउँसित कुनै सम्बन्ध छैन । प्रत्येक गाउँको एउटा नेता हुन्छ जसलाई उनीहरू मझुवा भन्दछन् । "मझुवा"लाई "माझी" पनि भनिन्छ । यसै अर्थमा माझी शब्दको प्रयोग धिताल र सन्थालहरू पनि गर्दछन् । हडसन महोदयले मझुवा शब्दको जुन अर्थ गरेका छन् त्यसमा विचार गर्नु आवश्यक देखिन्छ । कारण उनीहरूले आफ्ना माझ अर्थात् बीचमा रहने नेतालाई बीचको वा माझको अर्थमा मझुवा भनेको पनि हुन सक्तछ । साथै पूर्वी नेपालको माझ किरातमा मझुवा नामको ठाउँ पनि छ । संभवतः वायुहरू कुनै समय मझुवाबाट अन्यत्र गएर बसे र त्यसै ठाउँको सम्झनामा आफ्ना नेतालाई मझुवा भन्न थाले । उनीहरू मझुवाको अर्थमा जुन माझी शब्दको प्रयोग गर्दछन् त्यो मझुवाको विकृत रूप पनि हुन सक्तछ । हडसन महोदयले वायु बोलीको राम्रो व्याकरण प्रस्तुत गरेका छन् र बाहिङ्ग बोलीभन्दा कम जटिल छ भनेका छन् । तर विचारणीय कुरा के छ भने वायुहरू पानीलाई 'ती' भन्दछन् र ती बङ्गालको जयपाई गुठीमा प्रयोग हुने "टोटी" बोली-मा पनि पानीका लागि ठीक यही शब्द प्रयोग हुन्छ । हुन त नेवारी भाषामा पनि जलको अर्थमा प्रयोग नगरेर रसको अर्थमा प्रयोग गर्दा पानीलाई "ती" भनिन्छ । जस्तै "ला ती" अर्थात् मासुको झोल । डोल्पा जिल्लाको तारा गाउँमा बस्ने मानिसहरू पनि "काईके" बोलीमा पानीलाई "ती" को विकृत रूप "त्यू" भन्दछन् । त्यस-कारण वायुको सोझै सम्बन्ध को सित छ त्यो भन्न कठिन भए पनि धेरै रहन सहन राईसित मिल्ने हुँदा त्यसै प्रसङ्गमा राख्नु उचित देखिन आउँछ र राखियो पनि ।"[10]

यो जातिका बारेमा डा. जगदीशचन्द्र रेग्मीले पनि केही उल्लेख गरेका छन् । जस्तैः-

'सीमित जनजातिमा यसको नाम आउँछ । एट्-किन्सनको भनाइ अनुसार यो जाति पूर्वी नेपालमा होचा पर्वतमा बसोबास गर्दछ । यस जातिका मानिसहरूको मुख्य क्षेत्र हो अरुणको आसपासको क्षेत्र । आसपासका अरू जातिहरूसंग यिनीहरू छुट्टै बसे पनि लिम्बूहरूको (Eka) वर्गसंग केही सम्बन्ध देखिएको छ । यिनीहरू-को संस्कृत भाषा र धर्म अरू कसैसंग मिल्दैन ।

हडसनले यस जातिको बसोबास सिन्धुली भेक-तिर भएको चर्चा गरेका छन् । कैम्पवेल र ई. डी. डाल्टनले यस जातिको शाखा सिन्धुली क्षेत्रतिरै बसोबास गरेको चर्चा गरेका छन् । उनीहरूका भनाइ अनुसार यो जाति पहिले सिम्रौनगढतिर बसोबास गर्दथ्यो । यस जातिको विश्वासको उल्लेख गर्दै उनीहरूले भनेका छन् कि यो जाति लङ्काबाट आएको थियो । लंकामा रावण-को पराजय भएपछि यिनीहरू भारत हुँदै नेपाल आइ-पुगेका थिए ।"[11]

---

१०. जनकलाल शर्मा, **हाम्रो समाज : एक अध्ययन**, साझा प्रकाशन २०३९ (प्रथम संस्करण), पृष्ठ २८८

११. डा. जगदीशचन्द्र रेग्मी, **नेपालको ऐतिहासिक भूगोल**, त्रि. वि. पाठ्यक्रम विकास केन्द्र २०३९ (प्र. सं.) पृष्ठ ७९

जगदीशचन्द्र रेग्मीले पनि 'हायु–वायु' यसरी शीर्षक राखेर ती दुइटै शब्द एउटै हुन् भन्ने कुराको संकेत गर्न खोजेका देखिन्छन् । अझ उनको लेखाइ संक्षिप्त भएको हुँदा विदेशी विद्वानहरूको मनाइ उद्धरण-मै सीमित रहेको देखिन्छ। हायू भाषामा पानीलाई "ती" भनिन्छ । नेवारी भाषामा (काठमाडौंका नेवारहरू) कुनै वस्तुको झोललाई कहँदा ह्रस्व "ति" प्रयोग गर्छन् । काठमाडौंका नेवारहरू पानीलाई "लः" भन्दछन् भने भक्तपुरका नेवारहरू "नाः" भन्छन् । नाग बसेको ठाउँबाट पानी निस्कने भएकाले पानीलाई "नाः" भनिएको भन्ने धारणा पनि छ ।[12]

वस्तुतः नेपालको विविध विषयमा विदेशी विद्वानहरूले अध्ययन, अनुसन्धान गर्दै आएका छन् । तर तिनीहरूको अनुसन्धान पद्धतिलाई नै हामीले प्रमाणको रूपमा स्वीकार गर्नुँ आफ्नोपनलाई मुसुक्कै बिर्सनु मात्र हो । त्यसकारण सबैको विचार अध्ययन गरी आफ्नै किसिमको मौलिक अनुसन्धानपरक निर्णय गर्नु कुनै पनि अनुसन्धाताहरूको पहिलो कर्तव्य हो । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०४० सालमा प्रकाशित बृहत् नेपाली शब्दकोशमा हायू शब्दको अर्थ यसरी गरिएको पाइन्छ ।

हायू - वि. [सं. आहार] धेरै खाने, खाइचो, खन्चुवा । आफ्नो खूबी नभएको, गतिपतिहीन ।

हायू– ना. नेपालको दक्षिणी भागमा बसोबास गर्ने एक जाति ।[13]

प्रस्तुत सन्दर्भमा दुई ठाउँमा आएको हायू शब्द मध्ये एउटा विशेषणको रूपमा आएको छ भने अर्को नामको रूपमा । अब यसै गरी वायु शब्दको अर्थ खोतलौं ।

वायु-ना. (सं.) पृथ्वीको चारैतिर ढाकेर रहेको, आँखाले नदेखिने भए पनि स्पर्शगुण भएको, प्राणी मात्रले सास फेर्न मिल्ने एक तत्व, पञ्चतत्वमध्ये एक, पवन, हावा । हावाका अधिष्ठाता देवता । हृदयमा रहने प्राण, गुदामा रहने अपान, नाभिमा रहने समान, कण्ठमा रहने उदान र शरीरभर रहने व्यान नामका पाँच वायु । हठयोगका अनुसार षट्चक्रको अभ्यास गर्दा प्रयोगमा आउने मानव शरीरमा भएको हावा । मरेपछि काजक्रिया हुन नपाएको आत्मा, अगति परेको जीव, प्रेतात्मा, प्रेत । प्रायः बालबच्चालाई लागो-को रूपमा दुःख दिइरहने, झारफुक गरेर वा दोबाटामा पूजा गरेर वायु पन्छाएपछि निको हुने लोकरुढि भएको अमूर्त तत्व ।[14]

बृहत् नेपाली शब्दकोशमा वायु शब्दको यतिका अर्थ भेट्टायौं तर कतै पनि जातिका रूपमा आउन सकेन । त्यसकारण हायू र वायु पर्यायवाची शब्द होइनन् । त्यसो भए यी के हुन् त ? हायू नेपाल अधिराज्यमध्ये मध्य-माञ्चल विकास क्षेत्रका सिन्धुली, रामेछाप, काभ्रे पलाञ्चोक र सर्लाही जिल्लामा बसोबास गर्ने एक अल्प-संख्यक जाति हो भने वायुचाहिँ यसै जातिले मानि-आएको देवता हो । हायूको इष्टदेवता वायु भएको हुँदा अपभ्रंशको रूपमा हायूको वायु हुन गएको सम्भव छ । जस्तो कि माझी जातिको तान्त्रिक विधिमा दनुवारका देवताको नाउँ आउँछ । त्यसैले हुन सक्छ माझीका थुप्रै घरहरूमध्ये एउटा थर दनुवार माझी हो । वस्तुतः यो परम्परा माझीबाटै शुरू भएको हुँदा उनीमध्येकै कुनै दनु-वार थर हुनुले अनुसन्धानकर्ताहरूका लागि निर्णायक भूमिका खेल्नु पर्ने अवस्था परेन । तर हायू भने आफूले मानिआएको इष्टदेवताका आधारमा वायु जातिमा परि-णत भएको हुँदा गहिरिएर अनुसन्धान गर्नुपर्ने आव-श्यकता महसूस हुन्छ । हायू-वायुकै विकृत रूप हो अथवा विदेशी विद्वान्हरूको भ्रामक ज्ञान मात्र हो भन्ने कुरा प्रस्तुत सिंगै लेखबाट पुष्टि हुन सक्छ । त्यसकारण यस

१२. बुद्धबहादुर तुलाधरबाट प्राप्त जानकारी

१३. थुप्रै सम्पादक, **बृहत् नेपाली शब्दकोश**, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० (प्रथम संस्करण) पृष्ठ १४१५

१४. पूर्ववत्, पृष्ठ १२०८

किसिमका भ्रामक कुराहरूलाई फैलिन नदिन हामीले सम्बन्धित जातिकै सम्पर्कमा आएर तथ्य सामग्री सङ्कलन गरी प्रकाशन गर्नु पहिलो कर्तव्य हुन आउँछ। विदेशी विद्वान्‌हरूले अन्य जातिका सम्बन्धमा यस्तै शङ्कास्पद सामग्री प्रकाशन गरेका भए पनि समयमै यसलाई सच्याउनु आवश्यक भएको छ।

## हायूको थर र उपथर

सामान्यतः मानिसका नामको पछाडि थर लेख्ने परम्परा धेरै पहिलेदेखि विकसित हुँदै आएको छ। यो थर कसरी विकसित हुँदै गयो र कहिलेदेखि शुरू भयो यसको एउटा छुट्टै प्रसङ्ग हुन सक्छ। तर प्रस्तुत सन्दर्भमा यतिचाहिं भन्न सकिन्छ कि नेपालीहरूमा प्रचलित हुँदै आएका अधिकांश थरहरू बसोबासित क्षेत्रका आधारमा उत्पत्ति भएको देखिन्छ। जस्तो एक जनश्रुति अनुसार जुम्ली राजाबाट अधिकार पाएर फैलिएका अधिकारी, सिग्दी ग्राम विर्ता पाएका सिग्देल, पौडी विर्ता पाएर बसोबास गरेका पौडेल आदि थर भएको कुरा देखिन आउँछ। अब, यसमा के कति सत्यता छ र यस किसिमको परम्परा कहिलेदेखि शुरू भयो यसलाई छोटकरी रूपमा कोटयाउँ।

जस्तो भनौं— श्री ५ को सरकारले अञ्चल, जिल्लाको प्रशासन चलाउन अञ्चलाधीश (अञ्चलाधीश श्री ५ महाराजाधिराजबाट नियुक्ति गरिबक्सन्छन्), प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी, भूमि सुधार अधिकारी आदि नियुक्त गरेको हुन्छ। यिनीहरूले आ—आफ्नो मातहतका कामकाज नियमित रूपमा सम्पन्न गर्छन्। यिनीहरू श्री ५ को सरकारका वेतनभोगी कर्मचारी हुन्। तैपनि प्रसङ्गवश झ्वाट्ट भनिने गरिन्छ— यो त फलानो फलानो अधिकारीको छोरो हो इत्यादि। आगामी दिनहरूमा यो नियम लागू नहुन सक्छ। किनभने समयले कैयौं फड्का मारिसकेको छ। यसका साथसाथै सम्बन्धित व्यक्तिको थर पनि उहिल्यै बनिसकेको छ। शायद यिनीहरूले सीमित जनसंख्या भएको अवस्थामा थरको रूप लिएर फैलिएका हुन सक्छन्।

प्रस्तुत सन्दर्भ हायूका थरहरूको उल्लेखसंग सम्बन्धित छ। हायू जातिका थरहरू के कसरी विकसित हुँदै आए यसको यथातथ्य पत्ता लाग्न सकेको छैन। तर यिनीहरूको अनौठो थर देखिएको हुँदा यसको उत्पत्तिमा पनि यस्तै रोचक घटनाहरू हुनु पर्ने कुराको अनुमान गर्न सकिन्छ। अब हायूका थर र उपथरको उल्लेख गरौं।

"हायू जातिका चार थर हुन्छन्। ती हुन्:— जेफम याकुकुंको, सिन्नो, वालुङ र कमलेश्छो। प्रत्येक थरको आफ्नो कुलदेवता हुन्छ र उक्त थरमा पर्ने विभिन्न परिवारहरू मिलेर दशैंमा कुल घरमा पूजा गर्दछन्। सो अवसरमा मुलामी (जेठो पाको) ले रीत पुऱ्याएर पूजा गर्नु पर्छ। यिनीहरूको आफ्नो थरभित्र विहावारी चल्दैन।"[15]

यस्तै अर्को प्रकाशित उल्लेख पाइन्छ— "हायू जाति मुख्य चार थरमा विभाजित छन्। (१) दिन तिसो (२) बालन वा बालुङ (३) डोफुम र (४) जाक्कुम। कसै कसैको भनाइमा सिन्नो, कमलेस्छो र याकुकुंको पनि हायूका थरहरू हुन् र यी थरहरूका उपथरहरू पनि छन्। जस्तै बालन थरको पाछिरिमे र सुग्र, मोफुम थरको विद्वारे र बलत्सो, जाक्कुमको इसोरे र रोत्सीने इत्यादि।"[16]

"यसका विभिन्न थर छन्। दोक्खुम, याक्खुम, वालुङ जातिको सिनु र कम्लेस्तो आदि थरको साथसाथै गोत्र पनि विभिन्न छन्। तर सबैको जानकारी भएन। पाक्खुमको रेलिङ्ग गोत्र हो।"[17]

प्रस्तुत विषयका अनुसन्धानकर्तालाई दुम्जा क्षेत्रमा बस्ने हायू र दुम्जाकै नयाँ घरका विष्णुप्रसाद कोइरालाले दिएको जानकारी अनुसार हायूका निम्न थर

---

१५. मध्यमाञ्चल विकास क्षेत्र, भाग २ (२०३१), पृष्ठ १६८

१६. नगेन्द्र शर्मा, नेपाली जनजीवन, साझा प्रकाशनबाट प्रथम संस्करण २०३७, पृष्ठ १३६।

१७. शङ्करप्रसाद सत्याल : हायू जातिको संस्कृति, उषा, वर्ष ५, अङ्क ४, २०३१ वैशाख, पृष्ठ २१—२२

देखिन्छन् ।

दोक्खुम, याक्खुम, कोसीन्, काम्ले (कसैले अशुद्ध रूप काम्ले मान्छन् र शुद्ध रूप कम्लिश्वो, तैपनि अज्ञानतावश अशुद्ध रूप काम्ले नै प्रयोग गर्छन् ) आदि हुन् । यसरी थर चार मात्र भए पनि यिनका उपथर भने थुप्रै हुन सक्छन् । हिजोआज यी हायूहरू आफूलाई राईको रूपमा परिचय गराउन पाउँदा गौरवको अनुभव गर्छन् । कसैले उनीहरूलाई "तँ त हायू होस्" भन्दियो भने आफ्नो इज्जतै गएको अनुभव हुन्छ । यसको कारण के हुन सक्छ भने हायूका मूल पुर्खाका दाजुभाइहरूमध्ये राई पनि एक हुन् । उनीहरूको सामाजिक स्थिति, जातीय मान्यता र ऐतिहासिक पृष्ठभूमि दरो हुँदै गयो तर हायूको भने दिन प्रतिदिन हरेक पक्षमा नाजुक स्थिति बन्दै गएको देखिन्छ । आफ्नो जातीय अस्तित्व लोप हुन लागेकैले हुनसक्छ हायूहरू राईसित आफूलाई समाहित गर्न चाहन्छन् । आफ्नो परम्परागत जातीय थर नलेखेर 'राई' लेखन रूचाउनुको अभिप्राय के हुन सक्छ भने हायूहरूलाई आफ्नो पुर्ख्यौली गौरवप्रति पटक्कै आस्था छैन । दुम्जाका धैर्यबहादुर आइ. ए. सम्म अध्ययन गरेका (२०४० मा हायू जातिको अनुसन्धान गर्दाको विवरण अनुसार) नवयुवक हुन् । उनी परेवा डाँडाको विद्यालयमा शिक्षक छन् । उनी हायू परिवारका मानिस हुन् र उनको थर याक्खुम हो, तर यसलाई लुकाएर उनले "राई" लेखन थालेका छन् । यसबाट हायू जातिमा आएको हीनताबोध स्पष्ट हुन्छ । [8]

"यो जाति मुख्य चार थरहरू–(१) दिन तिसो (२) बालन (३) डोफुम (४) जाक्कुममा विभाजित छन् । यी थरहरूमध्ये बालन थरको विवाह चल्ने अन्य पाछारिमे, सुम्र तथा त्यस्तै डोफुमको विदाबारे, बलत्सो र जाक्कुमको इसोरे, रोत्सिने उपथरहरू (पाछा) पनि पाइएका छन् ।[19] यसरी हायूका मुख्यतः चार थर छन् र तिनका उपथरहरू निकै बन्न सक्ने कुराको पुष्टि यसबाट अझै बलियो हुन सक्छ । बालन (बालुङ ?) थर पछि बनाईएको हो । हायूकी छोरीले अरू नै जातको मुँडी बोकेर बच्चा पाई । त्यसलाई त्यसै मिल्काउन मिलेन । यस मिश्रित बालक हुर्किंदै गएर यसका सन्तान पछि बालुन (बालुङ) थर भएका हायूका रूपमा परिणत भए ।[20]

## हायूको उत्पत्ति

हायूको उत्पत्तिको सम्बन्धलाई लिएर विभिन्न धारणाहरू प्रचलित भएका पाइन्छन् । अहिलेको सन्दर्भमा रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक र सर्लाही जिल्लामा हायूहरूको बसोबास पाइए तापनि यिनीहरूको प्राचीन परम्परा र आगमनको सम्बन्धमा अनेकौं रोचक पुर्ख्यौली धारणा प्रचलित छन् जसबाट उनीहरू त्यसै बेला नेपाल बाहिरबाटै प्रवेश गरेका थिए भन्ने कुराको ज्ञान हुन्छ ।

यस भनाईमा हायूका पुर्खाहरू सिम्रौनगढबाट आएका थिए । त्यहाँबाट उनीहरूका पाँच दाजुभाइ हिंडेका थिए । ती मध्ये कान्छो भाइ आफ्नो शारीरिक अस्वस्थताको कारण आफ्ना चार दाजुहरूको साथमा हिंडन नसकेर पछि परेको हुँदा उसलाई सबैले कस्तो 'हायू' रहेछ भने । यसरी कान्छो भाइलाई 'हायू' का रूपमा सम्बोधन गर्दा पछि गएर उसको सन्तति हायू जातिमा परिणत भयो । अरू दाजुहरू सुरेल, जिरेल, सुनुवार, राईमा परिणत भएको कुरा हायूबाट पनि जानकारी प्राप्त हुन्छ । यस भनाइमा पनि सत्यता पाइन सक्छ तर यस सम्बन्धमा अन्य धारणाहरू समेत प्रचलनमा आएको पाईएको हुँदा तिनीहरूको समेत उल्लेख गर्नु यस प्रसङ्गमा उपयोगी हुन आउँछ ।

"उनीहरूको एक पुर्ख्यौली उखान अनुसार सुरेल, सुनुवार, राई, लिम्बू र हायू एउटै परिवारबाट निःसृत

१८. धैर्यबहादुर राई (याक्खुम) र विष्णुप्रसाद कोईरालाबाट प्राप्त जानकारी ।

१९. **मेचीदेखि महाकाली**, भाग २, पृष्ठ २२२ ।

२०. धैर्यबहादुर याक्खुमबाट प्राप्त जानकारी ।

भएका हुन् । भनिन्छ, एकै घरको पाँच भाईमध्ये जेठाको सन्तान सुरेल, माहिलाको सुनुवार, साहिँलाको राई, काहिँलाको लिम्बू र कान्छोको हायू भए । यिनीहरूको पुर्ख्यौली माउ थलो कहाँ थियो, सो किटान गर्न सकिएको छैन । तर बसाइँको खोजमा नेपाल पहाडतिर पसेका हुन् भन्ने तथ्य हायूहरूको किम्वदन्तीबाट पनि बुझिन्छ ।" [21]

हायू संस्कृतिका लेखक शङ्करप्रसाद सत्यालले मने हायू जातिको पुर्ख्यौली परम्परा अझै अन्धकारमा रहेको कुरा लेख्छन् ।

"यो जाति कहाँबाट कहिले नेपाल आयो, पुर्खा र पुर्ख्यौली थलो कहाँ छ ? केही भन्न सकिन्न । सब अन्धकार छ । पुर्ख्यौली अन्धकार भए झैं यसको अन्य मान्यताहरू पनि एक किसिमले अन्धकारमै विलीन हुन लागेको अनुभव हुन्छ ।"[22]

"जातीय इतिहासको प्रसङ्गमा विभिन्न घतलाग्दा उखानहरू हुन्छन् । सुनुवार जातिको एउटा भनाइ अनुसार पाँच भाइ पुर्खाहरूमध्ये कान्छोबाट हायू जाति भएको हो । पाँच भाइका सन्तति क्रमशः जेठाको सुरेल, माहिलाको सुनुवार, साहिँलाको राई, काहिँलाको लिम्बू र कान्छो भाइको हायूबाट वंशक्रमद्वारा किरात जाति भएको हो ।"[23]

"हायूहरूले आफ्ना पुर्खाहरू दक्षिण दिशातिर रहेको लङ्का-पलङ्काबाट आएका हुन् भन्दछन् । यसको ठीक अवस्थिति बताउन नसके पनि लङ्का पलङ्का भन्ने ठाउँहरू संगसगैं रहेको अनुमान गर्दछन् । तर उनीहरूले आफ्नो पुर्खाबारे एउटा कुरामा भने दृढ विश्वास गरेको पाइन्छ । सो के भने नेपाल पसेका हायूका पुर्ख्यौलीहरूमा धेरै दाजुभाइ थिए र त्यसमध्ये कान्छोबाट निस्केका सन्तानहरू हायूहरू हुन् । ती दाजुभाइहरू बसाइँको खोजमा नेपालको पहाडतिर लाग्दा कान्छोचाहिँ सबभन्दा पछि परेको थियो र उसले आफ्नो जन्मस्थानबाट ल्याएको ठूलो ढोल बोकेकोले हिँडन सकेको थिएन । जब ऊ सुनकोशी तरेर मुराजोर पुग्यो, सो ढोलबाट टिङ्ग-टिङ्ग आवाज निस्कन लाग्यो र उसले यो आवाजलाई त्यस ठाउँमा रोकिने र त्यहीं बस्ती बसाउने संकेत मानेर बस्यो । त्यस ढोलको लागि एउटा सानो घर बनायो । उसका दाजुहरू अघि गैसकेका थिए । उनीहरू सुनुवार, राई र लिम्बूका पुर्खा भए ।" [24]

हायूहरूको उत्पत्तिका सम्बन्धमा यस्तै किसिमको जनश्रुति पाइन्छ । सिम्रौनगढबाट एकै आँतका पाँच दाजु भाइ पूर्वतिर लागे । तिनीहरूले कान्छो भाइलाई ढोल बोकाएका थिए । बनेपा, खड्पु, बतासे, ताम्मुढा, श्यामपाटी, दाप्चा, रोसी खोलो हुँदै दुम्जा पुगे । यहाँबाट सुनकोशीको किनारै किनार पुछीघाट पुगे । पुछीघाटमा डुङ्गा तरेर केही बेर साण्डेको फेदीमा थकाइ मारे । केही क्षणपछि जेठा, माहिला, साहिँला र काहिँला चार भाइ उकालो लागे । कान्छो भाइचाहिँ साथमा ढोल बोकेको र उकालो बाटो भएको हुँदा उसको पाइला छिटो छिटो अघि बढन सकेनन् । वास्तवमा भन्ने हो भने साण्डेको उकालो पूर्वी भेगमा प्रसिद्ध उकालो हो । यहाँ पानी पिउन पाइँदैन । बाटाका अगल बगलका सतीबायरका बुट्यानधारी र आकाशबाट सूर्य प्रचण्ड तेजले पोलेर बटुवाहरू घिटिघिटि भएर हिंड्छन् । यहाँको वस्तुसत्यलाई कवि प्रयागराज 'वाशिष्ठ' ले यसरी व्यक्त गरेका छन् ।

---

२१. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३६

२२. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २१

२३. **मेचीदेखि महाकाली**, पृष्ठ २२२
(मेचीदेखि महाकालीमा पनि– Micnailovsky, B. Mazaudom, M. - Notes on the Hayu language, Kailas (A Journal of Himalayan Studies) Vol. 1, No. 2, 1973, Page 136 बाट लिइएको हो ।)

२४. **मेचीदेखि महाकाली**, पृष्ठ १६८

"साण्डेको त्यो विकटपथको सम्झदामा उकाली
छोडुँ क्यारे जगत दुनियाँ हात गोडा फुकाली
× × ×
तीर्खा लागे रूख बयरका पात माडेर खाऊ
पेवा भन्छन् घर घर हुँदी माग्न पानी नजाऊ" [25]

यसरी ठूलो कष्ट सहेर कान्छो भाइ साण्डेको पौवा डाँडामा पुग्यो। ऊ पुग्दा चारै दाजुभाइ धेरै अगाडि बढिसकेका थिए, उसले भेट्न सक्ने अवस्था थिएन। उता दाजुहरूले कस्तो हिंड्न नसक्ने कान्छो (हायू) रहेछ भन्न थाले। यता कान्छो भाइ पनि आफूलाई दाजुहरूले यसरी छोडेर गएकोमा ज्यादै दुःखी भयो र उनीहरूले हम्मेसी नभेट्ने ठाउँ रामेछाप बजार (सदरमुकाम) बाट एक कोश दक्षिण मुढाजोर (मुराजोर?) भन्ने ठाउँमा गई आफूले बोकेको ढोललाई नै मुख्य वस्तु ठानेर उसले त्यहीं बस्ती बसायो। यसका सन्तानहरू भए र अहिले जे जति संख्यामा छन् र जहाँ जहाँ बसेका छन् ती सबैको मूल पुर्खा तिनै पाँच भाइ मध्येका कान्छा भाइ हुन् र यहींबाट अन्त बसाइँ सरेका हुन् भन्ने पनि धारणा फैलिएको पाइन्छ। [26]

**हायूको उत्पत्तिः-** केराबाट, मोर्लाको पातबाट, तीतेपातीबाट र टटेलाबाट-यी चार थरी वस्तुबाट हायूका चार थरको उत्पत्ति भएको हो भन्ने पनि जनश्रुति छ। [27] त्यसैले हुन सक्छ हायूहरूको कूल पूजामा यी चीज अनिवार्य रूपमा जुटाउनै पर्छ।

हायूको उत्पत्तिका सम्बन्धमा अर्को पनि जनश्रुति पाइन्छ।

सूर्यवंशी राजा रामबहादुरकी छोरीले सूर्यको मुख नहेर्ने व्रत लिएकी थिइन्। उनी अँधेरी रातमै गङ्गाजीमा नुहाएर दरबारको एकान्त कोठामा गई बस्दथिन्। एकदिन उनी अबेर उठिछन् र गङ्गाजीमा नुहाएर दरबार फर्किने बेलामा उनको शरीरमा सूर्यका किरण पर्न गएछन्। यसैबाट उनी गर्भवती भइछन्। शारीरिक लक्षणबाट राजाले छोरी गर्भवती भएको थाहा पाए र रीसले चूर भएर दरबारका मानिसहरू लगाएर छोरीलाई जङ्गलतिर लघार्न पठाए। उनी जङ्गलमा फलफूल र कन्दमूलको भरमा जीवन गुजारा गर्न लागिन्। मासपूर्ण भएपछि बत्तीसै लक्षणले युक्त भएको बालकको जन्म भयो। पछि यही बालकबाट हायूहरूको वंश वृक्ष झाङ्गिदै गयो।

यसै सन्दर्भमा कसैको भनाइ अनुसार सूर्यवंशी राजाकी छोरीले सूर्यको मुख नहेर्ने व्रत लिएकी थिइन। दरबारमै राजकुमारी अवस्थामा गर्भवती भएकाले राजाले यिनलाई जङ्गलतिर लखेटिदिएका हुन्। धैर्यबहादुर याक्खुमको भनाइ अनुसार यो विवरण हायूकै वंशावलीमा लेखिएको थियो। यो वंशावली दुम्जाका शङ्करबहादुर दोक्खुमका घरमा थियो तर घर आगलागीमा पऱ्यो। यसको प्रतिलिपि हायू मध्येकै कुनै परिवारसित रहेछ भने सो अध्ययनका आधारमा हायूको उत्पत्तिसम्बन्धी तथ्य कुरा पत्ता लाग्न सक्छ। सो वंशावली पत्ता नलागुञ्जेल माथि प्रस्तुत गरिएका हायूको उत्पत्ति सम्बन्धी धारणाहरू जनश्रुतिकै आधारमा सीमित रहन्छन्।

## "जनुश्रुतिमा आधारित मङ्गोल वंशावली र धिमाल जाति" को प्रसङ्गमा हायूको पनि उल्लेख

"मौखिक वंशावली अनुसार 'मङ्गोल' लाई स्वयम्भू मनु र सतरूपाका सन्तान भनिएको छ। उनी मङ्गोल जातिको उत्पत्ति स्थल हेमन्तभूमि (मङ्गोलिया) मा बसोबास गर्ने मङ्गोल स्कन्धका जातिहरूका आदि पूर्वज हुन्। उनका तीन भाइ छोराहरूमा जेठाको नाम मुनाइङवा, माइलोको नाम थोत्रोइङवा र कान्छोको नाम योवोइङ्वा थियो। यिनका सन्तान मङ्गोल शाखाका चन्द्रवंशी मनुष्य जातिहरू धेरै कालसम्म हेमन्तभूमिमै बसेका

२५. प्रयागराज "वाशिष्ठ" **काठमाडौंदेखि ओखलढुङ्गासम्म** भन्ने अप्रकाशित खण्डकाव्यबाट
२६. रामेछाप जिल्ला सैंपूका चतुरसेन सुनुवार र इन्द्रसेन सुनुवारबाट प्राप्त जानकारी
२७. धैर्यबहादुर याक्खुमबाट प्राप्त जानकारी

थिए। तर तप्तगिरिको प्रभावले हेमन्तभूमिमा तिनीहरूका सन्तान एकातिर बढ्न र फैलन सकेनन् भने अर्कोतिर उनीहरूले तप्तगिरिको ताप पनि खप्न सकेनन्। त्यसैले अन्य देशमा सर्ने विचार गरी मङ्गोल पुत्र, तीन भाइका सन्तान तीन पक्ष भई फुटेर छुट्टिए। योवोइङबाका सन्तान हेमन्तगिरिदेखि दक्षिणको ज्वालामुखी गिरि नाघी मङ्गोलिया दक्षिण र सुदूर पूर्वतिर लागे र जापान, बर्मा, श्याम, कोचिन आदिमा बसोबास गर्ने सुदूर पूर्वी मङ्गोल जातिका पूर्वज हुन पुगे। थोत्रोइङबाका सन्तानहरू भने उत्तर हिमालगिरि नाघी चीन र ल्हासामा गई उत्तर मङ्गोलियातर्फ लागे, उनैका वंशज चीन, तिब्बत, मङ्गोलियामा बसोबास गर्ने तिब्बत-मङ्गोलियाली र चिनिया-मङ्गोलहरूका पूर्वज भए। आजकाल सुनिने थावा, लोक्पा र भोटिया जातका मान्छेहरू तिनै हुन्। स्वयम्भू मनुका पाँच मुनाइङबाका पुत्रको नाम किरातइङबा हो। किरातइङबा भारतीय उपमहाद्वीपको उत्तरी र पूर्वी हिमालय विशेषतः नेपाल र आसाममा बसोबास गर्ने लामो कपाल भएका आदिम किराँत जातिका पूर्वज हुन्। उनका सन्तानहरू हेमन्तभूमिदेखि सीमन्तभूमिमा आई बासस्थान बनाई बसाइँ सरे। सीमन्तभूमि भन्नाले यहाँ हामीले भारतीय उपमहाद्वीपको उत्तर र उत्तर पूर्व हिमालय भेक भनी बुझ्नु पर्दछ। तिनै किरातइङबाका १० भाइ छोराहरूमध्ये लिम्बूका पूर्वज योकतम्बा आठ पहरियाका पूर्वज अपलिबा, याखाका पूर्वज व याकखोवा, किराँती राईका पूर्वज लुङफेब्रा, याङफुका पूर्वज याङफेवा, सुनुवार, हायू चेपाङका पूर्वज सुहा चेप्पा मानिन्छन्।[२८]

## हायूको शारीरिक बनावट र भेषभूषा

"हायू जातिको मझौला कद, चेप्टो नाक, चिम्सा आँखा, सानो निधार, परेला र आँखिभौंमा रौं कम र पुरुषको जुङ्गा दाह्री समेत कमै हुन्छ। भेषभूषामा पुरुषले भोटो र कछाड लगाउँछन् र शिरमा प्रायः अनिवार्य रूपमा नेपाली टोपी हुन्छ। स्त्रीहरूले गुन्यू चोलो लगाउँदछन्।"[२९]

नगेन्द्र शर्माले 'मेची र महाकाली' पुस्तककै शब्दलाई उतारेका छन्। तुलनात्मक अध्ययनका लागि झट्ट छुट्टियोस भन्ने उद्देश्यले नेपाली जनजीवनबाट उतार गरिएको छ-

"यो जातिका मानिसहरूको मझौला कद, चेप्टो नाक, चिम्सो आँखा, सानो निधार, परेला र आँखीभौंमा कम रौं र पुरुषको जुङ्गा दाह्री समेत कमै हुन्छ। भेषभूषामा पुरुषले भोटो र कछाड लगाउँछन् र शिरमा प्रायः अनिवार्य रूपमा नेपाली टोपी ओड्छन्। स्त्रीहरूले गुन्यू, चोलो लगाउँदछन्।"[३०]

## हायूको विशेष चाड : देवी पूजा

"हायू जातिको एउटा महत्वपूर्ण र विशेष चाड माघ महीनाको पुर्णेपछि आउने पहिलो बिहीवारदेखि शुरू हुन्छ। यो चाड आठ दिन रहन्छ-बिहीवारदेखि शुरू भएर अर्को शुक्रवारको सूर्यास्तसम्म। यो जातिको मूल घरमा पुस्तौंदेखि आएको एउटा सुप्रसिद्ध ढोल हुन्छ। यो पवित्र ढोल राखिएको मूल घरमा पहिलो चार दिन यसलाई बजाएर नाचगान गरिन्छ। पाँचौं दिनमा चाहाडवन देवीको पवित्र स्थानमा केन्द्रित हुन्छ। सातौं र आठौं दिन ढोल बजाउँदै दर्शकहरू सहित स्वजातीय बन्धुहरूको घर घरमा गई नाचगान गरी देवीको आशीर्वाद बाँट्दछन्। प्रत्येक हायू घरका आइमाईहरूद्वारा चिण्डा, लौका भरी भरीका जाँड पानीले यिनीहरूको स्वागत हुन्छ।"[३१]

२८. तुलसी दिवस, **धिमाल लोक धर्म र संस्कृति**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (रजत जयन्ती प्रकाशन २०३९), पृष्ठ १३, १४

२९. **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ २२३

३०. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३८

३१. **मेचीदेखि महाकाली**, पृष्ठ २२३

"हायूको सबभन्दा ठूलो देवीको सेवा (जात्रा) हो। सो देवी पूजा जोर वर्षमा फागुन महीनामा र बिजोर वर्षमा माघ महीनामा गरिन्छ। यो पूजा बिही-बारको दिन शुरू हुन्छ र नौ दिनसम्म रहन्छ। पहिलो पाँच दिनसम्म ढोल राखिएको घरमा अनेक उत्सव मना-उँछन् र नाचगान खूब चल्दछ। यस चाडको मुख्य दिन छैटौं दिन (मङ्गलबार) हो जब देवीको पूजा हुन्छ। त्यस दिन सारा गाउँका मानिसहरू जम्मा हुन्छन्। अर्को दिन साँझसम्म कुनै कार्यक्रम हुन्न र साँझ परेपछि नाचगान शुरू हुन्छ। यस नाचमा गाउँका साना ठिटाहरूले भाग लिन्छन् र बीच बीचमा ठूला मानिसहरू पनि त्यसमा सम्मिलित हुन्छन्। त्यसमा प्रत्येकले आफूभन्दा अगाडिको व्यक्तिको पाखुरा समाउँछ र ती ठिटाहरू वृत्ताकारमा तालको साथ घुम्ने गर्छन्। सो नाच हुँदा दुई जनाले ढोल र एक जनाले झ्याली बजाउँछन् र दुई तीन जनाले गाउँछन्। त्यस-मा देवीको आराधना गरिन्छ र राति अबेलासम्म सो नाच विभिन्न तालमा चलिरहन्छ।

आखिरी बिहीवार र शुक्रवार सो नाच गाउँका सबै घरहरूमा पालैसित लगिन्छ र आँगन र घरभित्र समेत नचाइन्छ। नाच सिद्धिएपछि ढोल र झ्यालीलाई चोखो ठाउँमा राख्दछन् र नाच्ने, गाउने र दर्शकहरू छयाङ (जाँड) खान थाल्दछन्। छयाङलाई देवीको प्रसाद मान्दछन् र जसको आँगनमा नचाएको हो सोही घरका मानिसहरूले सो प्रसाद दिने गर्छन्।

यसमा मुख्य गायक गाउँका बयोवृद्ध हुन्छ। उसलाई गीतका सबै पंक्तिहरू राम्ररी सम्झना हुन्छ र पूजाआजाको तरीका पनि जानेको हुन्छ। यस बेला गाइने गीत रावणको मृत्युमाथि बिलौना गरिएको होइन यो हायू जातिको इतिहास, उनीहरूको समुदायमा आएको उथलपुथल र ढोलको कथा हो।

यस अवसरमा पूजा गरिने देवी पनि हायूका पुर्खा संगसंगै लङ्का पलङ्काबाट आएको विश्वास गर्दछन्। देवीलाई गाउँको मध्य भागमा एक काफ्रोको रूखमा धेरै घण्टी र त्रिशूलको साथमा स्थापना गरिएको हुन्छ। हायूहरूले सुंगुरको मासु खाने भए तापनि देवीमा कुनै भोग नचढ्ने भएकोले हायू गाउँमा सुंगुर पालिन्न। देवी पूजाको अवधिमा खुकुरी र दाप सबै लुकाएर राख्नुपर्छ। गाउँमा कसैले जुत्ता लगाउनु हुन्न र लौरो लिएर हिंड्न पनि हुन्न। देवीको खास बार मङ्गलबार मानिन्छ र प्रत्येक मङ्गलबार हायू पूजारीले देवी स्थानमा दूध चढा-उँछ। सो देवी हायूहरूको खास देवी मानिए तापनि त्यहाँ बनेको देवी स्थान अधिराज्यको अन्य देवी स्थान जस्तै देखिन्छ।"[३२]

"हायूहरूको एउटा महत्वपूर्ण र विशेष चाड देवी पूजाको उल्लेख माथि भएको छ। यो जात्रा जोर वर्षमा फागुनको र बिजोर वर्षमा माघ महीनाको पूर्णेपछि आउने बिहीवारदेखि शुरू हुन्छ। यो चाड आठ नौ दिन रहन्छ र यसमा पूजा गरिने देवी पनि हायूका पुर्खाहरूसंग 'लङ्का पलङ्काबाट' आएकी हुन् भन्ने धारणा छ। यी देवीको थान र हायू गाउँको माझमा एक काफ्रोको रूख-मा त्रिशूल, झंडी र घण्ट आदि सहित थापिएको हुन्छ।

यो जातिको मूल घरमा चीनका आदिम पुर्खाहरूले ल्याएको भनिने एउटा ढोल हुन्छ। त्यसलाई पहिलो चार दिन बजाएर नाचगान गरिन्छ अनि पाँचौं वा छैटौं दिनमा (मङ्गलबार पारेर) वन देवीको पवित्र स्थानमा कार्यक्रम केन्द्रित हुन्छ। सातौं र आठौं दिन ढोल बजा-उँदै दर्शकहरू सहित स्वजातीय बन्धुहरूको घर घरमा गई नाचगान गरी देवीको आशीर्वाद बाँड्दछन्। प्रत्येक हायू घरका आइमाईहरूद्वारा चिण्डा वा लौकाको घैंटा भरि-भरि जाँड पानीले यिनीहरूको आवभगत गरिन्छ। यो सिद्धिएपछि ढोल र झ्याली फेरि चोखो ठाउँमा राख्त-छन्। उक्त पूजाको बेलामा खुकुरी र दापहरू लुकाएर राख्नु पर्ने, गाउँमा कसैले जुत्ता लाएर वा लौरो लिएर हिंड्न नहुने आदि अनौठा नियमहरू पालन गर्छन्।"[33]

यसरी हायू जातिले आफ्नो परम्परागत रूपको

---

३२. **मेचीदेखि महाकाली**, पृष्ठ १६८

३३. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३७

देवी जात्रालाई अहिलेसम्म पनि मानिआएको पाइन्छ। माथि उल्लेख गरिएका सबै विवरणहरू हायू वर्गबाट समेत प्राप्त भएको हुँदा प्रकाशित सामग्री नै प्रस्तुत गरियो। यसबाट हायू जातिको सांस्कृतिक विशेषता झल्किने विश्वास गरिएको छ।

## हायूको देवाली गर्ने परम्परा

हायू जातिको देवाली गर्ने आफ्नै किसिमको परम्परा छ। यस सम्बन्धमा उनीहरूका विभिन्न धारणाहरू प्रचलित छन्। वास्तवमा यिनीहरूमा सत्यता छ भन्न सकिँदैन। जनश्रुतिकै आधारमा भए पनि फैलिएका विचारहरू प्रस्तुत गर्नु आवश्यक महसूस हुन्छ।

पहिले पहिले हायूहरूको मूल पुरुष (नाइके) लाई सामान ओसारपसार गरिदिने ढोल, झ्याम्टा थिए। पछि विभिन्न कलहको कारणले ती सबै उडेर आकाशमा गए। आकाशमा बज्दै ढोल र झ्याम्टा निर्के घुमे। त्यो दृश्य देखेर हायूहरूले परेवा, बोको, पाठी, कुखुरा बलि दिन खोजे। ती दुइटै (झ्याली र ढोल) झरेनन्। सुँगुर बलि दिन खोज्दा भने ती खुत्रुक्क झरे। हायूहरू सबै भएर त्यहीं पूजाआजा गरे, बलि दिए। अहिलेसम्म पनि यसरी देवाली गर्ने परम्परा छँदैछ। हायूहरूको देवाली गर्ने पद्धति निम्न अनुसार पाइन्छ।

सबैभन्दा पहिले देवाली गर्ने ठाउँमा बाँसको टाँड बनाइन्छ। प्रति परिवार एक पाथीका दरले जाँड, रक्सी पनि तयार गरिएको हुन्छ। त्यो टाँडमाथि केराको पात र भोर्लाको पात राखेर 'जय काली भवानी' भनेर पूजा गरिन्छ। हायूहरू नवदुर्गाको पूजा गर्ने चलन छैन। दशैंमा पनि जमरो रोपिँदैन। हायूहरूको घरै पिच्छे देवाली हुन्छ। कोही लुकेर देवाली गर्छन् त कोही खुला रूपमा गर्छन्। दुई, तीन दिनसम्म नाचेर, गीत गाएर रमाइलो गरिन्छ। सावगासले भ्याएमा एक वर्षमा र नभ्याएमा तीन या पाँच वर्षमा देवाली गरिन्छ। देवाली गर्न बनाइएको ठाँउमा हायू जातिले अरू नै जातिकी स्वास्नी ल्याएको छ भने त्यो मानिस टाँडमा चढ्न पाउँदैन। देवालीमा हायू भाषाको गीत गाइन्छ। तर यो गोप्य हुन्छ। अन्य जातिको मानिसले हायू गीत सुन्न र देवाली गर्ने ठाउँ छुनु हुँदैन। अलग्ग बसेर हेर्न भने हुन्छ। देवालीमा गाइने विशेष प्रकारको हायू गीत मूली बाहेक प्रायः हायूमध्येकै अन्य सदस्यले पनि राम्ररी जानेको हुँदैन। प्रस्तुत विषयका अनुसन्धानकर्ताले जान्न खोज्दा एउटै पनि नमूना पाउन सकेन। देवाली गर्ने मानिस (मूली) को मृत्यु भएमा त्यही बाजा बजाएर मृत्यु संस्कार गर्ने ठाउँमा लानु पर्छ। हिजोआज आर्थिक अवस्थाको कमजोरीले गर्दा बुझाउन असमर्थ हुने भएकाले प्रायः यो परम्परा त्यति सशक्त रूपमा चलन सकेको देखिँदैन। देवालीमा आवश्यक सामान जुटाउन सकिएन भने त्यसको सत्यानाश हुन्छ। त्यसैले पनि यसमा कमजोर वर्ग (हायू मध्येकै) ले यो काम गर्न अघि सर्दैनन्।

## हायूको देउता - द्यौ (वायु)

हायूले मानिआएका द्यौता द्यौ (वायु) हुन्। यी देवताले हायू वर्गको कल्याण गरिआएका छन्। यस सम्बन्धमा रोचक तथ्यहरू पाइन्छन्। हायूका घरबारीमा गएर कुनै परिचित या अपरिचित मानिसले सम्बन्धित घरधनीको अनुमति विना कुनै फलफूल टिपेर खायो वा घरमा लग्यो भने त्यो मानिस त्यहीं कक्रचाकक्रुक्क पर्छ। यसलाई हायूहरूको "द्यौ" ले दुःख दिएको मनिन्छ। "द्यौ" हम्मेसी बुझ्दैनन्। यसलाई हायूहरूले मात्र बुझाउन सक्छन्। 'द्यौ" ले दुःख दिएको अन्य मानिसलाई धामी, झाँक्री, झारफुक, तन्त्रमन्त्र, जडीबुटी जति गरे पनि त्यसको कुनै प्रभाव पर्दैन। सम्बन्धित घरको हायू मानिस नै गएर परपुकारा गरी बुझाउन चाहेमा बिरामी निको हुन सक्छ। यस किसिमका घटनाहरू हायू गाउँ नजीकै थुप्रै घटेका छन्। भोग्ने, देख्ने र सुन्ने मानिसहरू प्रस्तुत विषयको अनुसन्धान गर्दासम्म जीवितै देखिएकाले यसलाई अनुसन्धानकर्ता विश्वासको आँखाले हेर्न चाहन्छ।

## हायूका केही पूर्व संस्कार

हायूका केही पूर्व संस्कारमा न्वारान, पास्नी, छेवर र विवाहलाई लिएको छ।

"यो जाति जन्मदेखि मृत्युसम्मको संस्कार आफ्नै ढङ्गले गर्दछ। दनुवार जातिको झैं यिनीहरूको पनि ब्राह्मण पुरोहित हुँदैन, विधि जान्ने जुनसुकै हायूले परम्परागत

संस्कारको काम चलाउँछ । बडादशैंको टीकाको दिन समस्त वंशजहरू मूल घरमा आई आफ्नो कुल देवताको उपासना गर्दछन् । यस पूजामा सुंगुरको बलि चढाइन्छ। कुल देवताको अतिरिक्त यिनीहरू वन देवी र छरछिमेकमा रहेका अन्य देव–देवीहरूको पनि उत्तिकै श्रद्धा र भक्तिका साथ अर्चना गर्छन् ।

यो जातिमा न्वारान पास्नी हुँदैन । यिनीहरूमा फुपुचेली मामाचेलाको विहाबारी चलेको देखिन्छ तर आफ्नै थरभित्र भने विवाह चल्दैन । लिम्बू समाजमा झैं यो जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलाहा—तर्फबाट रीत माँतका रूपमा पैसा दिनु पर्ने प्रथा चलि–आएको देखिन्छ । विवाहमा वरवधूले डोली चढ्नु हुँदैन र दमाइँलाई बाजा बजाउन पनि लगाइनाले फाप्दैन मनिन्छ ।" 34

"यस जातिको परिवार कोही प्रसूति भएमा मूल ओछ्यानमा नबस्ने परम्परा छ । न्वारान नहोउन्जेल मूल ढोकाबाट निस्कनु हुँदैन । संस्कृतिले मानव हृदयलाई खिचेको हुन्छ। त्यसैले मानवको बन्धनमा घरको मध्य भागमा निदाल राखेको हुन्छ । त्यही आधार मानेर घर–लाई दाहिने देब्रे गरी दुई भागमा विभक्त गरिन्छ । सुत्केरी जुन भागमा बस्तछे त्यो भाग काटेर अर्को भागमा जान त्यो जातिको संस्कृतिले दिंदैन । अर्थात् धुरी काट्नु हुँदैन । नवागत शिशु ७ या ८ दिनको भएपछि नाम कर्म गरिन्छ । नामकरण जन्मिएको तिथि वा बारको आधार–बाट हुन्छ । मामा, दिदी, भानिज वा भाञ्जी यस कर्म-मा सम्मिलित हुन्छन् । उनीहरूको निर्देशानुसार मूल ढोकाको संघारमा लिपेर, केराको पात विछ्याई त्यसमा टटेलाको फूल अछेता छरेर बालकलाई त्यहाँ राखी कुखुरा-को बलि दिने परम्परा छ । झ्यालबाट बालक सहित सुत्केरी बाहिर आउँछ । सूर्यको दर्शन गरेर मूल ढोका–बाट भित्र पस्तछ । गहुँत खाने र धागो बाट्ने विधि हुन्छ । टीका, दक्षिणा, खानपानका साथै न्वारान सकिन्छ।

बालक जन्मिएको ६ महीनामा पास्नी गरिन्छ । यो कर्ममा सर्वप्रथम मामाबाट भात ख्वाउनु पर्दछ । विशेष विधान केही छैन ।

बालकको ३ वर्षमा या ५ वर्ष भित्रमा छेवर कर्म हुन्छ । यसमा कपाल काट्ने र मामाले लुगा दिने रीत छ । मामाले ल्याएको लुगा झर्राको थालमा राख्नु पर्दछ। सर्वप्रथम मामाले भानिजलाई लुगा लगाई दिन्छन् । त्यो थाल पनि भानिजलाई प्रदान गरी टीका लगाई दिनु पर्दछ । सके दक्षिणा दिनु कर्तव्य हुन्छ । खानपान समाप्त गरी भानिज पनि मामाका साथ मावल जान्छ । जहाँ केही दक्षिणा दिई विदा गर्दछन् ।

केटाको १५–१६ वर्षको उमेरमा प्रायशः विवाह हुन्छ । कन्या दिन जाने प्रथा छैन । माग्न जानु अनिवार्य हुन्छ । जाँदा रित्तो हात जानु हुँदैन । सौगातको रूपमा भाती जाँड नै मुख्य गरिन्छ । त्यही लिएर कुरा गर्नमा सिपालु दुई व्यक्ति जान्छन् । कुरो मिल्दो रूपमा आएपछि कुरो छिन्न भाती जाँड र भाले पोथी जोर कुखुरा लैजानु पर्दछ । यदि यो सौगात स्वीकारेमा कुरो छिनिएको ठुङ्गो लाग्दछ । विवाह ग्राह्य महीनामा हुन्छ ।

विवाहको लागि वरियातको साथमा दमैं सहित वर वधूको घर जान्छ । खाजाको निम्ति चाम्रे लैजानु पर्दछ । त्यो जातीय संस्कृति हो । डोली हुँदैन । व्यौली-को घर पुगेपछि खानपान गर्दछन् । राती सक्तो जाँड खाने परम्परा छ । व्यौली निकाल्ने, गोडा धुने, लगन पोते लगाई दिने र सिन्दूर हाल्ने मुख्य प्रचलन छ । फलानाको छोरो फलानाकी पत्नी भई भन्ने घोषणा मान्यबृद्ध पुरुषले लगनपछि गर्दछन् ।

बिहान छोरी ज्वाइँलाई टीका, दक्षिणा र खान पिन गराई बिदा गर्दछ । यसमा व्यौली भित्र्याउन सर्व–मन्दा बृद्ध पुरुष बिहान स्नान गरी पवित्र भएर उपवास बसेको हुन्छ । बेलुकी पख संघारमा त्यही वृद्ध पुरुषले गाई-को गोबरले लिप्तछ । नव दम्पत्तीको प्रवेश विना अरूको प्रवेश निषिद्ध छ । लिपेको संघारमा केराको पात विछ्याई कुखुराको बलि दिइन्छ । त्यही रगतमा टेकेर नवदम्पत्तीको प्रवेश हुन्छ । दुलहीले सासु ससुरालाई ढोग भेट गर्नु अनिवार्य छ । मान्यजनको आशीर्वाद लिई

---

३४. **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ २२३ र नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ १३७

खानपिन गर्दछ । तीन दिनपछि दुलान फर्काइन्छ ।"35

यस संस्कारलाई लिएर 'मेचीदेखि महाकाली'मा पनि केही लेखिएको पाइन्छ ।

"यो जातिमा न्वारान, पास्नी हुँदैन । यिनीहरूमा फुपुचेली मामाचेलाको विहाबारी चलेको देखिन्छ तर आफ्नै थरभित्र भने विवाह चल्दैन । लिम्बू समाजमा झैं यो जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलहा तर्फबाट रीत भाँतका रूपमा पैसा दिनु पर्ने प्रथा चलिआएको भए तापनि हाल यसलाई परित्याग गर्दै आएको देखिन्छ। विवाहमा वर-वधूले डोली चढ्नु हुँदैन र दमाईं-लाई बाजा बजाउन पनि लगाइन्न, फाप्दैन भनिन्छ ।"36

नगेन्द्र शर्माले पनि हुबहु विना उद्धरण यही लेखेका छन् ।

"यो जातिमा न्वारान, पास्नी हुँदैन । फुपूचेली मामाचेलीको बिहाबारी चलेको देखिन्छ । लिम्बू समाजमा झैं यी जातिमा पनि दुलहीको पैतृक परिवारलाई दुलहातर्फबाट रीत भातको रूपमा पैसा दिनु पर्ने प्रथा चलिआएको देखिन्छ । विहेमा वर-वधूले डोली चढ्नु हुँदैन र दमाईंबाजा बाजा बजाउनु पनि हुन्न भन्ने रोचक धारणाहरू यिनमा पाइन्छन् ।" 37

## मृत्यु संस्कार

"मरेपछि हायूहरूले लाशलाई गाड्दछन् । यिनीहरूको परम्परा अनुसार खुट्टा खुम्च्याएर छातीमा अडाई लाशलाई थचक्क बसाईन्छ। छोराले बोकेर लगी करीब डेढ मिटर जति गहिरो खाल्डामा राखिदिन्छ र त्यहाँ दैनिक जीवनमा चाहिने चामल, पानी, तरकारी आदि राखिन्छ । त्यसपछि खाल्डालाई पहिले ढुङ्गाले छोपिदिन्छन् र त्यसमाथि माटोले पुर्दछन् । सो ठाउँमा एउटा सानो झाम्टाको संकेत चिह्न राखिदिन्छन् । अर्को दिन सुंगुर काटिन्छ र मरेको तेस्रो दिनमा मृतकको आफ्ना नाता कुटुम्बलाई भोज खुवाइन्छ । मृतकको विवाहित छोरीलाई सबभन्दा पहिले खुवाउँछन् र घरेलु सामानहरूको उपहारको साथमा तिनलाई घरसम्म पुर्‍याउँछन । मृतक पुरुष भए ज्वाइँलाई र स्त्री भए छोरीलाई एकजोर नयाँ लुगा हालिदिने चलन पनि छ ।" 38

"हायूहरू मृत शरीरलाई थचक्क पलेटी कसेको झैं गरी बसाएर लगी मट्टी दिन्छन् । उनीहरूमा सुंगुर पाल्ने चलन छैन तापनि मराउ परेको दोस्रो दिन सुंगुर काटिन्छ र तेस्रो दिन मृतको विवाहिता छोरीलाई सर्वप्रथम खुवाएपछि जम्मा भएका कुल कुटुम्बलाई अलिनु मासुसंग भोज खुवाइन्छ । पुरुष मरेको भए जुवाइँलाई र स्त्री मरेको भए छोरीलाई लुगा हालिदिने चलन पनि छ । किरिया गर्दा ढ्यांग्रो बजाउनु पर्छ । जुन बखत मरे पनि शुद्ध शान्ति माघे संक्रान्तिको दिनमा नै गरिन्छ। वर्ष दिनसम्म घरमा पाकेको मीठो, चोखो चीज सबै नयाँ अन्न स्वर्गीय आत्मालाई बिहानमा चढाउनु पर्छ।"39

"हायू जाति ज्वाइँ वा भानिजद्वारा दशदान गराउँदछ । मृत्युपछि बारीको छेउमा गहिरो खाल्टो खन्छन् । त्यसमा बाँसको माटाले माटो नछिर्ने गरी घेरा बनाएर मृत लाश टुक्रुक्क राखिन्छ । माथिबाट बलिप्ते (?) बन्द गरी छोपिन्छ । छोराहरू छेवर कर्म गर्दछन् । नुहाउनु अनिवार्य छ । घर फर्की सुकुलले बारेर एकान्त कसैले नछुने ठाउँमा बस्तछन् । बाह्र दिनसम्म पर्वेरामा आफैले पकाएर अलिनु ध्यू भात खान्छन् ।

बाह्र दिनको बेलुका चामल र सफा धानको पीठो मुखमा छरेको चिण्डो वा माटाको घैंटो आफू बस्ने स्थानमा राखिन्छ । त्यस चिण्डोको वरिपरि भोलाको दुनामा भरिभरि जाँड र रक्सी राखिएको हुन्छ । रातभर बत्ती बालेर रुंनु पर्दछ । मध्यरातितिर बालिएको बत्ती अचानक मधुरो हुन्छ । बिहान नित्यकर्म सकी त्यहाँ हेर्ने परम्परा छ । चिण्डोको मुखमा छरिएको पिठोमा हत्केला

३५. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २२, २३ र २४
३६: **मेचीदेखि महाकाली**, पूर्ववत्, पृष्ठ २२३
३७. नगेन्द्र शर्मा, पूर्ववत्, पृष्ठ, १३७
३८. **मेचीदेखि महाकाली**, पृष्ठ १६८
३९. नगेन्द्र शर्मा, पूर्ववत्

वा पैतालाको चिह्न हुन्छ। जेको चिह्न देखिन्छ त्यसैको जुनी भएको विश्वास गरिन्छ।

त्यो चिण्डो जेठो छोराको घरको मूल ढोकामा जोरले फोर्दछ। दान दक्षिणा गरी कर्म समाप्त गर्दछ। वर्ष दिनसम्म निखित्य बार्नेले टाउकोमा नाम्लो नलगाउने प्रथा नै मुख्य छ। अन्य कृत्यहरू जाति सरह नै गरिन्छ तापनि श्राद्ध गरिंदैन।[40]

## हायूको कागुनु न्वागी र घैया न्वागी

"तिथि निश्चित हुँदैन तापनि वर्षको दुई पल्ट पितृहरूलाई सम्झिइन्छ। जसमा यो जातिको निम्ति सर्वे-सर्वा ठूलो चाड हो। प्रायशः भाद्र र आश्विन महीना-तिर गरिन्छ। खास गरेर शुक्लपक्षको बृहस्पतिवार या शुक्रवार हुनु पर्दछ। यो चाड कागुनी न्वागी र घैया न्वागीको नामले प्रख्यात छ।

पाकेपछि सर्वप्रथम कागुनीका बाला तीनदेखि सातसम्म टिपेर भोर्लाको पातमा बेरी सिरुले बाँधिन्छ। लिपपोत गरेको धुरी खाँबोमा त्यो कागुन बाँध्नु पर्दछ। त्यही दिनदेखि मात्र कागुनुभित्र हुलिन्छ। बेलुका ढोकामा लिपी केराको पात ओछ्याउँछन्, त्यसमा टटेलाको फूल कागुनुको चामल छरेर मालेपोथी जोर कुखुराको बलि दिइन्छ। भोर्लाको पात बिछ्याई कुखुराको मासु र भात अनि पितृको नाम लिंदै चढाउँदछन्। पछि प्रसाद स्वरूप इष्टमित्र सहित भोजन गर्दछन्।

घैया न्वागी पनि यस्तै हुन्छ। मुख्यतः घैया न्वागीलाई बढी महत्व दिंदै आफ्ना चेलीबेटी पनि बोला-उँछन्। के नेपालको आदिवासी यही जाति होइन? जस-ले पहाडको भीर पाखामा प्रथम घैया र कागुनी खेतीको सूत्रपात गऱ्यो। अद्यावधि खेती सफल भएको उत्सवको रूपमा स्मृति गरिंदै आएको यस चाडले स्मृति दिलाउँछ।"[41]

## हायूले पनि ब्राह्मण पुरोहित पुज्छ

हायू जातिको ब्राह्मण पुरोहित हुँदैन भन्ने धारणा-हरू पनि प्रकाशित भएको पाइन्छन्। तर यसलाई प्रमाण-को रूपमा मान्न सकिंदैन। किनभने मुराजोरका हायूहरू-को पुरोहित पण्डित नन्दराज काफ्ले र पण्डित पद्मनाथ भुगेल भएको कुरा प्रस्तुत विषयका अनुसन्धानकर्ताले प्रत्यक्ष देख्ने अवसर पाएको छ। अन्य स्थानमा बसोवास गर्ने हायूले पनि ब्राह्मण पुरोहित पुजेको देखिन्छ।

## हायूले स्वीकार गरेका अन्य चाडपर्व

हायूले मान्ने गरेका अन्य देवी देवतामा काँड देवी, सातकन्या देवी, नाग, सीमे, भूमे, आइतवारे, भीमसेन, मशान, भूतप्रेत, पिशाच, डङ्किनी, बोक्सी, छौडा आदि हुन्। देवीलाई परेवा, पाठी, नागलाई फुल, अन्य देवतालाई कुखुराको माले या पोथी, भूतप्रेतलाई धाँमी झाँक्रीको भनाइ बमोजिम चढाइन्छ। हायू मान्ने (स्वीकार) गरेका चाडपर्वहरूमा दशैं, तिहार, तीज आदि मुख्य हुन्। यिनीहरू स्वस्थानीको व्रत पनि लिन्छन्। तर ब्राह्मण क्षेत्रीको जस्तै पूरा विधिविधान पूरा गरी यिनी-हरू आफ्ना निजी चाडपर्व बाहेक अरू पनि त्यतिकै मनाउँदैछन्।

"साउने संक्रान्तिको दिन नयाँ बाली अर्थात् मकै, काँक्रा आदि न्वागी खाँदा पनि निकै उत्सव गरी चाहाड मनाउँछन्। बडादशैं तिहार पनि यिनीहरू निकै चाखका साथ मान्दछन्।"[42]

## हायूहरूको शैक्षिक अवस्था

हायूहरू आर्थिक अवस्था दयनीय भएकैले हुन सक्छ यसरी शिक्षाको लहर चलिरहेको अवस्थामा समेत अशिक्षित भएर रहेका छन्। प्रौढ कक्षा सञ्चालनको अभाव (हायू समाज) मा युवा, प्रौढ र बृद्धहरूले साउँ अक्षरसम्म चिन्ने अवसर पाएका छैनन् भने अचेलका नयाँ बालबच्चा पनि पेट पाल्ने समस्याले रन्थनिएर र सामा-जिक वातावरणको कारणले पिछडिएर विद्यालयमा गई अध्ययन गर्ने अवसरबाट बञ्चित छन्। जस्तो कि गौरी शङ्कर माध्यमिक विद्यालयमा अध्ययन गर्ने हायू विद्यार्थी संख्या २० देखिन्छ भने अमारे प्राथमिक विद्यालयमा अध्ययन गर्ने ५ जना मात्र छन्। त्यसै गरी २०१७ सालमा

४०. शङ्करप्रसाद सत्याल, पूर्ववत्, पृष्ठ २४

४१. पूर्ववत्

४२. मेचीदेखि महाकाली, पृष्ठ २२३

स्थापना भएको दुम्जा हायू गाउँको प्राथमिक विद्यालयमा अध्ययन गर्ने हायू विद्यार्थी ४ जना देखिएका छन् । कुशेश्वर माध्यमिक विद्यालय दुम्जामा ३ जना हायू पढ्छन्।[43] यसबाट हायूहरू शैक्षिक अवस्थामा निकै कमजोर भएको अनुभव हुन्छ ।

## आर्थिक अवस्था

हायू जातिलाई पहिले दास जातिको रूपमा राखिएको थियो । ई. सं. १८५३ को नेपाल मुलुकी ऐनले हायू जातिलाई बेचबिखन गर्न सकिने र सैनिक सेवामा भर्ती हुन नपाउने जातजातिको समूहमा राखेको पाइन्छ। तर वि. सं. २०१९ सालको नयाँ मुलुकी ऐनले जातजाति बीच भेदभाव हटाइएकोले यस जातिले पनि सामाजिक समानता र न्याय प्राप्त गरेको छ ।

यिनीहरूले बसोबास गरेको क्षेत्रको प्राकृतिक तथा आर्थिक स्थितिको प्रभाव अरू जातका मानिसहरूमाथि परेझैं यिनीहरूमाथि पर्नु स्वाभाविकै हो । यहाँ देखिने खेती योग्य जमीनको कमी, जङ्गलको नाश, सीमित चरन, भू–क्षय जस्ता समस्याहरूले यहाँका बासिन्दाहरूलाई अरू ठाउँमा बसाइँ सर्न अथवा काम गर्न जान बाध्य तुल्याएको देखिन्छ । यस स्थितिमा हायूहरू पनि आफ्नो घर छाडी डाँडा काटी टाढा टाढा काम र मामको लागि जान्छन् । तर यिनीहरू साह्रै थोरै संख्यामा भएकोले यसरी तितरबितर भएर जाँदा जाँदा यिनीहरूको संस्कृति र जातित्व हराउँदै जाने हो कि भन्ने आशङ्का पनि उठ्दछ ।[44] हायूहरू अहिले पनि आफ्नो जीवन स्वतन्त्र रूपमा बिताउन पाएका छैनन् । उनीहरूको पेशा कृषि हो । तर कृषि आयबाट मात्र सबैलाई एक वर्षसम्म खान पुग्दैन । मकै, कोदो, भटमास, मस्याङ्ग, मास, गहत, असासे, धान, गहुँ मुख्य बाली हुन् । प्रशस्त जग्गा जमीन हुने हायूहरू कमै छन् । त्यसैले आफ्नो खेतबारीमा उब्जेको अन्नले नपुग्ने हुँदा उनीहरू अरूको बनीबुतो गर्न जान्छन् । त्यसबाट आएको ज्यालाले उनीहरू बिहान बेलुकाको समस्या समाधान गर्छन् । अरू मानिसका घरमा काम गर्न जाँदा लोग्ने मान्छेले १ पाथी कोदो या ६ माना मकै, पैसा लिए ।यही मूल्य बराबरको पाउँछन्। केटाकेटी र स्वास्नी मान्छे काम गर्न गए ४ माना या त्यही मूल्य बराबरको ज्याला पाउँछन् । कामदारहरूलाई कसैले बिहान भात र कसैले चाहिं दिउँसो खाजा मात्र दिन्छन् । हायूहरू आफूसंग उकास रहेको अन्न बेचेर पनि व्यवहार गर्छन् । उनीहरूमध्ये मुराजोरका–रामेछापको साप्ताहिक हाट (बिहीवार) मा सामान बिक्री गर्छन् । जस्तो– खोर्सानी प्रति माना ४।, काँक्रा प्रति गोटा २। देखि ५। सम्म, साग प्रतिमुठा ।५०, सिमी ।५० पैसा पाउ, सिम्टा २। मानु, भटमास प्रति पाथी १६।, केराउ प्रति पाथी २०।, कोदो प्रति पाथी १०।, मकै प्रति पाथी १२।, तोरी प्रति पाथी २८। र अदुवा, बेसार पनि बिक्री गरी पैसाको जोहो गर्छन् । यसै गरी डोली बोक्नेलाई भौगोलिक दूरीका आधारमा २०। देखि ६०। सम्म, कल्सौडीलाई डोली बोक्नेलाईभन्दा ठीक आधा, हलिलाई वर्षको ४००। या ५००। सम्म पाउँछन । रामेछाप बजारमा दाउरा पनि बिक्छन् । प्रति भारी दाउरा रु. ५। का दरले बेच्छन् । गुन्टा बोक्ने र डोको बोक्नेलाई खाइकन दिनको २०।, २५।, पाउँछन् । यसभन्दा अतिरिक्त नाङ्लो, डाला, डोको, चाल्ना, नाम्लो, वरियो, डोरी पनि रु. २। देखि १५। सम्ममा बिक्री गर्छन् ।[45] यसरी मोटामोटी रूपमा हायूहरूको आर्थिक अवस्था दयनीय नै देखापर्छ ।

---

४३: यो तथ्याङ्क २०४० साल पुस महीनाको हो ।

४४ **मेचीदेखि महाकाली**, पृष्ठ १६९ ।

४५. वि. सं. २०४० साल पुस ७ देखि ऐ. माघ १० गतेसम्म गरिएको हायूहरूको अनुसन्धानका क्रममा टिपिएको तथ्याङ्क ।